नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय

☎ ०९३-४२०२१४ 📠 ०९३-४२००१४
daodarchula@moha.gov.np
daodarchula.moha.gov.np
facebook.com/daodarchula/
District Administration St, Api 10100
खलंगा, दार्चुला

प.सं. ०७८।७९
च.नं.

मितिः- २०७८।१२।२३

## सुख्खा तथा हावाहुरी चल्ने मौषममा गाउँ-शहर-बस्तीमा आगलागिको जोखिम छ भने बनजंगलमा डढेलोको । बर्षेनि आगलागि तथा डढेलोमा परि धेरै जन-धनको क्षतिहुने भएको हुदा, सावधानी अपनाउने हो भने यस्तो जन-धनको क्षती कम गर्न सकिन्छ । अतः यसै जोखिमलाई मध्यनजर गर्दै जिल्ला प्रशासन कार्यालय दार्चुलाबाट जारी गरिएको आगलागि हुनै नदिने तथा दुर्घटनाबस आगलागि भैहालेको अवस्थामा बचाउका उपायहरु सहितको जनचेतनामुलक सुचना

## आगलागि हुनै नदिऔं

- खाना पकाईसकेपछि आगो, ग्यास चुल्हो, स्टोभ वा हिटर निभाइहालौ ।
- सिलिन्डरको रेगुलेटर, पाइपबाट वा चुल्होबाट ग्यास लिक भएको छ कि छैन भन्ने ख्याल राखौ । ग्यासको गन्ध आएमा बेवास्ता नगरौ र सावधानी अपनाऔ ।
- चुरोट, बिडि, तमाखु, सुल्पा, चिलिम आदी धुम्रपान जन्य बस्तुहरु स्वास्थ्यका लागि हानिकारक हुनुका साथै आगलागिको मुख्य कारण पनि हुन् त्यसैले यस्ता बस्तुहरुको नखाऔ । यदि खाइहाले पनि यसको आगो राम्रो संग निभाऔं ।
- पुजा कोठा वा अन्य ठाउँमा धुपबत्ती, दियो बाल्दा नजिकै तेल, कागज, कपडा र अन्य छिटै आगो समात्ने (सल्कने) खालका बस्तुहरु नराखौं ।
- बिजुलिका तार, स्विच, प्लग तथा वायरिङ्ग ठीक अवस्थामा छन्-छैनन् नियमित जाँच गरौ । ठीक अवस्थामा नभए आवश्यक मर्मतसम्भार गरौ र सम्भावित जोखिम न्युनिकरण गरौ ।
- मल्टिप्लग, पानी तताउने जग, टिभि, पंखा तथा अन्य विद्धुतिय उपकरणहरु काम सकिने वित्तिकै निभाऔं/बन्द गरौं ।

- सलाई र लाइटर जस्ता आगो सल्काउने चिज र मट्टितेल, डिजेल, पेट्रोल जस्ता अति प्रज्वलनशिल प्रदार्थहरु बालबालिकाको पहुच भन्दा टाढा राखौ र बयस्क व्यक्तिहरुले समेत सावधानी पुर्वक प्रयोग गरौ।
- गोडमा, बारीमा वा अन्य ठाउमा कुडो (गाईबस्तुलाई खुवाउने दालो) पकाइसकेपछि राम्ररी पानी हालेर आगो निभाउने ।
- खेतबारीमा, जंगलमा अनावश्यक रुपमा आगो लगाउने, आगो लगाएर छोड्ने काम नगरौँ र आफ्नो वरपर पनि कसैलाई नगर्न दिऔँ ।
- घर तथा कार्यस्थलमा आगो भाउने उपलब्ध भए सम्मका साधनहरु पूर्व तयारी अवस्थामा राखौ र यन्त्रहरुको प्रयोग विधि समेत जानीराखौ । जस्तै: पानी, एक्सटिङ्गिवसर आदि ।
- घर तथा कार्यालयमा स्रोतसाधनको उपलब्धता भएसम्म फायर अलार्म जडान गरौ ।
- आगलागिको जोखिममा रहेका घर, बस्ति नजिकै पोखरी, ट्याङ्की वा अन्य कुनै तरिकाले पानीको जोहो गरिराखौ, स्याउला, माटो, बालुवा थुपारेर राखौ । आपतकालीन अवस्थामा छिटो प्रयोग गर्न सकिन्छ र क्षति कम गर्न सकिन्छ ।
- वन जंगलमा अनावश्यक रुपमा आगो नलगाऔ, लगाउनै परे पनि समुहमा नियन्त्रीत तरिकाले मात्रै आगो लगाइ, काम सकिएपछि लगाएको आगो पूर्ण रुपमा निभाऔ ।

## सावधानी अपनाउदा अपनाउदै पनि यदि आगलागिको घटना भयो भने के गर्ने?

- आगोलागेको थाहा पाउने बित्तिकै छरछिमेक लाई गुहार लगाउने, सहयोग माग्ने ।
- दमकल र प्रहरीलाई खबर गरिहालौ ।
- पानी, माटो, बालुवा, हरियो स्याउला जे छ त्यहि एक अर्कालाई पास गर्दै सुरक्षित तरिकाले आगो निभाऔँ ।
- बालबालिका, सुत्केरी, जेष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिलाई प्राथमिकतामा राखि सुरक्षित स्थानमा पुर्याऔ ।
- दमकललाई आगलागि भएको ठाउँसम्म पुग्ने छोटो र सजिलो बाटो बताइदिऔँ ।
- आगो निभाउन जादा एकै ठाउमा नउभिऔँ । सबै भन्दा पहिले आफू सुरक्षीत होऔ र अरुको सुरक्षार्थ खटिऔ ।